*अङ्क 20*

DeKalb County School District का परिवारहरूलाई अभिवादन,

नयाँ वर्षको शुभकामना ! 2021 मा फरक तरिकाले सुरु गर्न पाउँदा उत्साहित छु । 2020 मा लचकता, कडा मेहनत, धैर्यता, र बहादुरी देखाउनु हुने समुदायका सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु । यो अनिश्चित समयका बावजुद म यो शैक्षिक वर्ष राम्रोसँग सम्पन्न गर्ने अवसर खोजिरहेकी छु ।

म शिक्षा क्षेत्रको इतिहासमा कहिल्यै नगरिएको काम गर्ने जिम्मेवारी पाएका हाम्रा कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु र यसको लागि डिस्ट्रिक्ट आभारी छ ।  यो हप्ता विद्यालयहरूको भ्रमण गर्दा धेरै शिक्षकहरूलाई देख्न पाउँदा म उत्साहित भएको थियो । धेरै शिक्षकहरूले हाम्रा विद्यार्थीहरू प्रति प्रतिबद्धता र भवनमा फर्कन पाउँदाको उत्साह अभिव्यक्त गर्नुभएको छ । मेरो भ्रमणका दौडान, मैले सुरक्षा सङ्केत, हेन्ड सेनिटाइजरको स्टेसन, र कर्मचारीहरूको भर्चुअल बैठक अवलोकन गर्न पाउने अवसर प्राप्त गरेको थिए । हामी मिश्रित सिकाइ (Hybrid learning) को साथमा अगाडि बढ्दै गर्दा, म तपाईंका समस्याहरू सुनिरहेको हुन्छ भन्ने कुरा ख्याल गर्नुहोस् । म चुनौतीहरूलाई कम गर्न चाहन्न तर म तपाईंहरूको प्रयासबाट प्रोत्साहित भएको छु ।

**<u>भवनसम्बन्धी तयारी</u>**

प्रत्यक्ष शिक्षणका लागि सुरक्षित तथा स्वास्थ्य वातावरण हाम्रो शीर्ष प्राथमिकता भित्र पर्छ । सञ्चालन टोली हरेक स्थान तथा विद्यालय कर्मचारी तथा विद्यार्थीहरूलाई सिकाइको सुरक्षित वातावरणमा स्वागत गर्न तयार रहन्छ भनेर सुनिश्चित गर्नका लागि भवनको तयारीसम्बन्धी मानकहरू प्रयोग गरिरहेको छ । DCSD को विद्यालय तयारीमा निम्न कुराहरूको मुख्य नीरिक्षण समावेश हुन्छ:

- व्यक्तिगत सुरक्षा उपकरण (PPE) र सरसफाइसम्बन्धी सामानहरू
- सरसफाइसम्बन्धी सामानहरूको वितरण तथा कार्यविधि
- सामाजिक दूरी कायम गरेर बस्ने व्यवस्था तथा स्थानको व्यवस्थापन
- पानीको पहुँच
- प्लम्बिङ र HVAC प्रणालीहरू
- कोभिड-19 को विद्यालय सुरक्षासम्बन्धी सङ्केत

DCSD विद्यालयहरू पुन: खोल्न तयार हुँदा, DCSD का सुविधा स्थानहरू 75% तयार छन् । तयार रहने कुरा एउटा चालू प्रक्रिया हो र विद्यार्थी तथा कर्मचारीहरू प्रत्यक्ष शिक्षणमा फिर्ता भएपछि डिस्ट्रिक्टको नेतृत्वले भवन अवलोकन गर्ने काम र नयाँ तालिका तथा सुरक्षासम्बन्धी प्रोटोकलहरू निरीक्षण गर्ने काम जारी राख्नेछ ।

नयाँ वर्ष अगाडि उल्लेख भए अनुसार, विद्यालयमा कोभिड-19 को प्रसारको जोखिम कम गर्नका निम्ति CDC द्वारा जारी गरिएको अद्यावधिक निर्देशनहरूका आधारमा विज्ञानका साथै संक्रमण दर र संक्रमण न्यूनिकरणका पाँच रणनीतिहरू कार्यान्वयन गर्ने विद्यालयको क्षमतासम्बन्धी जानकारी विकास हुँदै आएको छ। हाम्रा कर्मचारी तथा विद्यार्थीहरू यो महामारीका दौडान सुरक्षित रहने छन् भनेर सुनिश्चित गर्ने कुरामा यी रणनीतिहरूको कार्यान्वयन महत्त्वपूर्ण हुनेछ।

**संक्रमण न्यूनिकरणका रणनीतिहरू**

विद्यालय भित्र कोभिड-19 को संक्रमण फैलन सक्ने जोखिम कम गर्नका निम्ति CDC ले जारी गरेको संक्रमण न्युनिकरणका पाँच मुख्य रणनीतिहरू तल दिइएको छ:

- मास्कको नियमित र सही प्रयोग
- सम्भव भएसम्म सामाजिक दूरी कायम गर्ने
- हात धुने
- सरसफाइ र निसंक्रमण
- DeKalb Board of Health सँगको सहकार्यताका साथमा कन्ट्याक्ट ट्रेसिङ

हामी विद्यार्थीहरूलाई यी रणनीतिहरू अभ्यास गर्न प्रोत्साहित गर्छौं ताकी जब विद्यालयहरू पुन: सचारू हुन्छ, तब उनीहरू मास्क लगाउन, सामाजिक दूरी कायम गर्न, र हात धुन अभ्यस्त हुन् र बानी परून्।

CDC का अनुसार, साबुन पानीले हात धुने काम कीटाणुहरू फैलिन नदिने र किभिड-19 भाइरस फैलिने जोखिम कम गर्ने महत्त्वपूर्ण तरिका भएता पनि साबुन पानीले कम्तीमा 20 सेकेन्डसम्म हात धुँदा वा साबुन पानी तत्कालै उपलब्ध नभएको खण्डमा कम्तीमा 60% अल्कोहल भएको हेन्ड सेनिटाइजर प्रयोग गर्दा बिमारी पार्न सक्ने कीटाणुहरूको फैलावटलाई कम गर्छ। तातो तथा चिसो दुवै पानीले हातबाट एउटै सङ्ख्यामा कीटाणुहरू हटाउँछ।

कोभिड-19 को संक्रमण न्यूनिकरण गर्न सुरक्षासम्बन्धी सबै प्रोटोकलहरू Centers for Disease Control and Prevention (CDC) र DeKalb County Board of Health को स्वास्थ्य निर्देशिका अनुरूप तयार गरिन्छ। सही तरिकाले कसरी हात धुने भन्ने जानकारीका लागि, कृपया CDC को वेबसाइट भ्रमण गर्नुहोस् र कोभिड-19 सम्बन्धी निर्देशनहरूका लागि https://www.dekalbschoolsga.org/school-reopening/safety-protocol/ भ्रमण गर्नुहोस्।

**कर्मचारीहरू तथा वैकल्पिक कामको कार्यभार**

हामी कर्मचारीले आफ्नो परिवारको हितका लागि जे सही हुन्छ त्यही गरिरहेका छन् भन्ने कुरा बुझ्छौं र हाम्रा विद्यार्थी तथा डिस्ट्रिक्टको सहायताका लागि उनीहरू स्वास्थ्य रहने कुरा महत्त्वपूर्ण छ। केही कर्मचारीहरूले विपत्तिसम्बन्धी

अनुरोध राखेका छन्। यो एउटा विधि हो जस मार्फत तपाईंले भवन वा आफ्नो कामको तालिकामा फर्किँदा आफूलाई हुने समस्याको बारेमा जानकारी गराउनु हुन्छ। सबै कर्मचारीहरूले विपत्तिसम्बन्धी अनुरोध राख्न पाउँछन्। यद्यपि, सबै कर्मचारीहरूका लागि वैकल्पिक कामको कार्यभार (AWA) समान नहुन सक्छ। AWA कर्मचारीको मुख्य जिम्मेवारीहरूमा आधारित हुन्छ। कर्मचारीको काम प्रत्यक्ष रूपमा उपस्थित नभइ पूरा गर्न सकिँदैन भने घरबाटै काम गर्ने सुविधा लम्ब्याउनु हुँदैन। यस्तो अवस्थामा फरक विकल्पको बारेमा विचार गरिनु पर्दछ, जस्तो कि समायोजित कार्य तालिका वा वैकल्पिक कार्य स्थान/क्षेत्र।

योग्य कर्मचारीहरूले Americans with Disabilities Act (ADA) अन्तर्गतको सुविधाको योग्यता पूरा गर्न सक्छन् र यसका लागि आवेदन दिन सक्छन्। कोही कर्मचारीलाई आफूसँग ADA सुविधाको योग्यता पूरा गर्ने चिकित्सा अवस्था छ जस्तो लाग्छ भने ती कर्मचारीले अनिवार्य रूपमा ADA आवेदन पूरा गर्नु पर्दछ र प्रक्रिया सुरु गर्नका निम्ति उपयुक्त चिकित्सा प्रमाणीकरण प्रदान गर्नु पर्दछ। मानव संसाधन आवेदन प्रक्रिया भर प्रतिक्रियाशील रहन र आवेदन स्वीकृत भएको खण्डमा उपयुक्त योजना बनाउन प्रतिबद्ध छ।

कुनै समस्या वा प्रश्नहरू भएको खण्डमा कृपया आफू भन्दा माथिका सुपरभाइजरलाई जानकारी गराउनुहोस्। तपाईं तत्कालै फर्किन सक्षम हुनु भएको थिएन म बुझ्छु कि यो निर्णय लिन तपाईंलाई गाह्रो परेको थियो। कृपया के कुरामा आश्वस्त हुनुहोस् भने तपाईंले विपत्तिको अस्थायी अनुरोध पेश गर्नु भएको छ भने तपाईंका समस्याहरू डिस्ट्रिक्टद्वारा पुनरावलोकन र विचार गरिएको छ। विपत्तिसम्बन्धी अनुरोधको सबै आवेदन फेब्रुअरी 2, 2021 सम्म 30 दिनको अवधिसम्मको लागि पुनरावलोकन गरिनेछ र स्वीकृत गरिनेछ। फारामहरू मानव संसाधन विभागका श्रोतहरू अन्तर्गत कर्मचारी पोर्टल मा उपलब्ध छन्। फेरि पनि, हामी यो अनिश्चित समयमा अगाडि बढ्दै गर्दा तपाईंले देखाउनु भएको कडा मेहनत र लचकताका लागि धन्यवाद दिन चाहन्छु।

## DCSD का परिवारहरू

हाम्रा परिवारहरूले विद्यालय पुन: प्रवेश गर्ने योजना उनीहरूका लागि ठीक हो कि होइन भनेर निर्णय गर्दै गर्दा, कृपया अनलाइन शिक्षा, यातायात, सुरक्षा प्रोटोकलहरू आदिका सम्बन्धमा महत्त्वपूर्ण जानकारीका लागि विद्यालय पुन: प्रवेशको साइट भ्रमण गर्दै गर्नुहोला। म हाम्रा परिवारहरूलाई समुदायको सुझावसम्बन्धी भर्चुअल बैठकका लागि जनवरी 11, 2021, बिहान 11:30 को हाम्रो समितिको बैठक हेर्न प्रोत्साहित पनि गर्छु। हामी प्रत्यक्ष शिक्षणको बारेमा महत्त्वपूर्ण अद्यावधिक प्रदान गर्नेछु। तपाईं DeKalb County मा च्यानल 24 मा गएर वा DSTV मा अनलाइन मार्फत समितिको बैठक हेर्न सक्नुहुन्छ।

शनिवार, जनवरी 9 का दिन, हामी विद्यालय श्रोत अधिकारीको सम्मानमा एउटा दिवस मनाउँछौं। हाम्रा विद्यार्थी, कर्मचारी, परिवार तथा समुदाय प्रति प्रतिबद्धता देखाएकोमा हामी विद्यालय श्रोतका अधिकारीहरूलाई धन्यवाद दिन चाहन्छौं।

अन्त्यमा, हाम्रो राजधानी आक्रमणमा परेसँगै हाम्रा धेरै विद्यार्थी, कर्मचारी तथा परिवारहरूले यो हप्ता नागरिक द्वन्द्वको घटना देखेका छन् । यी तस्विरहरू हाम्रा विद्यार्थीहरूका लागि सङ्कष्ट निम्ताउने खालका र डरलाग्दा छन् । हामी यो समय फरक धारणाहरूको बारेमा सकारात्मक र हितकर  संवाद सुन्ने र गर्ने वातावरण बनाउन प्रयोग गरौं । 2020 मा चुनौतीपुर्ण वर्ष सामना गरिसकेपछि, हाम्रा विद्यार्थीहरूलाई आफ्ना समस्या तथा विचारहरू आदान-प्रदान गर्नका निम्ति हाम्रो सहयोग र सुरक्षित स्थान आवश्यक पर्छ ।

म 2021 उज्वल वर्ष रहनेछ भनेर आशा गर्दछु र हाम्रो मजबुत समुदायलाई सफलता तिर जान प्रोत्साहित गर्दछु !

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris